नेपाल सरकार
उद्योग ,वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
(. . . . . . . . . . . . . . . शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- २०७९/८०
चलानी नम्बर :- 9669

मितिः२०७९/११/२९

विषय: कम्पनी प्रशासनको कार्य गर्दा विशेष ध्यान दिने सन्दर्भमा।

श्री पब्लिक लिमिटेड शाखा,
कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर।

उपरोक्त सम्बन्धमा, कम्पनी ऐन, २०६३ को प्रशासन गर्ने यस कार्यालयको मूख्य जिम्मेवारी रहेको कुरा विदितै छ। उक्त ऐनले कम्पनीमा संगठीत सुशासन (Corporate Governance) कायम हुनुपर्ने मूल्य मान्यताको अनुसरण गरेको र सो सन्दर्भमा प्रमुख भूमिका सम्बन्धित कम्पनीलाई नै प्रदान गरी यस कार्यालयलाई त्यसको नियमन तथा अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको व्यहोरा समेत अवगत नै होला। यस कार्यालयलाई तोकिएको जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्नको लागि पब्लिक लिमिटेड कम्पनीहरुको प्रशासन त्यस शाखाबाट मात्रै सम्पादन गर्नेगरी कार्यढाँचा समेत तय गरी सबै शाखाहरुलाई संचार समेत गरिएकै छ। यसै सन्दर्भमा त्यस शाखाबाट सेवां प्रदान गर्दा कानुनले तोकेका अन्य कुराहरुको अलावा निम्न विषयहरुलाई विशेष ध्यान दिई सेवा प्रवाह गर्नु गराउनु हुन यो परिपत्र जारी गरिएको छ।

क) स्वतन्त्र संचालकको विषयमा

१) नयाँ कम्पनीको हकमा पहिलो बार्षिक साधारण सभाको एजेण्डामा ऐनको दफा ८६(३) वमोजिम स्वतन्त्र संचालक नियुक्तिको विषय समावेश भएको एकीन गर्ने।

२) संचालनमा रहेका कम्पनीहरुको हकमा बार्षिक विवरण पेश हुँदा ऐनको दफा ८६(३) वमोजिम स्वतन्त्र संचालकको विवरण पेश भए/नभएको एकीन गर्ने तथा स्वतन्त्र संचालक रिक्त रहेको अवस्थामा नियुक्तिको विषय साधारण सभाको एजेण्डामा रहेको एकीन गर्ने।

३) स्वतन्त्र संचालक(हरु)लाई कम्पनीको दैनिक प्रशासनीक कार्यमा संलग्न गराएको/नगराएको वा निजहरुलाई कुनै भूमिका दिएको वा नदिएको विषय वार्षिक विवरणमा समावेश भएको एकीन गर्ने।

ख) ऐनको दफा ८६(२) वमोजिम महिला शेयरधनी रहेको पब्लिक कम्पनीमा ऐनको दफा ८९ वमोजिमको अवस्था विद्यमान रहेकोमा वाहेक कम्तिमा एक जना महिला संचालक (स्वतन्त्र संचालकको गणना नगरी) नियुक्ति भएको वा नियुक्त गर्ने एजेण्डा पेश भएको एकीन गर्ने।

ग) बार्षिक साधारण सभाको सन्दर्भमा विवरण पेश हुँदा ऐनको दफा १६४ आकर्षित हुने कम्पनीहरुको हकमा सो दफा वमोजिम लेखापरीक्षण समिति गठन भए/नभएको तथा त्यस्तो समिति गठन गर्ने विषय साधारण सभाको एजेण्डामा रहेको एकीन गर्ने।

घ) बार्षिक साधारण सभाको सन्दर्भमा विवरण पेश हुँदा ऐनको दफा १८५ वमोजिम कम्पनी सचिव नियुक्त भए नभएको एकीन गर्ने।

(महेश बराल)
रजिष्ट्रार

वोधार्थ
श्री आइटि शाखा, कम्पनी रजिष्ट्रारको कार्यालयः सम्बन्धित सरोकारवालाहरुले समेत जानकारी प्राप्त गर्न सक्ने गरी पत्रलाई वेवपेजमा अपलोड गर्ने।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np